नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय

# खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग

बबरमहल, काठमाडौं

## आ. व. २०७९/८० को वार्षिक प्रगति विवरण सम्वन्धि विज्ञप्ति

आम उपभोक्ताको स्वास्थ्य र सुविधा कायम राख्न खाद्य ऐन, २०२३ तथा खाद्य नियमावली, २०२७ को प्रभावकारी कार्यान्वयन गर्दै खाद्य प्रविधिको विकास तथा खाद्यमा आधारित पोषणको सुधारका लागि विभिन्न प्रवर्द्धनात्मक कार्यक्रम संचालन, खाद्य पदार्थको विश्लेषण परिक्षणका लागि विश्वसनीय प्रयोगशाला सेवा प्रदान गर्ने र स्वच्छ व्यापार तथा व्यवसायमा सहजीकरण गर्ने कार्य खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग तथा मातहतका कार्यालयहरु गरी जम्मा ४३ कार्यालयहरुबाट हुँदै आएको छ ।

खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग तथा मातहतका कार्यालयहरुबाट आर्थिक वर्ष २०७९/८० को वार्षिक अर्थात् २०७९ श्रावण १ देखि २०८० असार मसान्तसम्ममा सम्पन्न मुख्य मुख्य कार्यहरु र सोबाट हासिल प्रगति यस प्रकार रहेका छन् ।

१. खाद्य / दाना उद्योग तथा बजार निरीक्षण अनुगमन र गुणस्तर नियमन

- आर्थिक वर्ष २०७९/८० को वार्षिक अवधिमा खाद्य तथा दाना उद्योग तथा बजार निरीक्षण अनुगमन गरी ऐन नियमानुसार जम्मा ३,११३ नमूनाहरु सङ्कलन भएको थियो। संकलित नमूनाहरु मध्ये खाद्यान्न/दलहनजन्य पदार्थ ९१० वटा, फलफूल तथा सागपातजन्य पदार्थ ३५१ वटा, तेल तथा घ्यू ३४९ वटा, मसला पदार्थ २८३ वटा, दाना पदार्थ २१७ वटा, प्रशोधित पिउने पानी १५५ वटा, चिया कफि १२७ वटा, दुध तथा दुग्ध पदार्थ ११६ वटा, गुलियो पदार्थ ८२ वटा, नून ५३ वटा, चकलेट तथा कन्फेक्सनरीजन्य पदार्थ ९४ वटा, मासु तथा मासुजन्य पदार्थ ४२ वटा र अन्य खाद्य पदार्थ १२५ वटा गरि जम्मा २,८८१ नमुनाहरूको विश्लेषण परिक्षण भएकोमा खाद्यान्न/दलहनजन्यका ४७ वटा, प्रशोधित पिउने पानीका ४१ वटा, फल तथा सागपात जन्य पदार्थका २५ वटा, दुध तथा दुग्ध पदार्थका २१ वटा, तेलका १५ वटा, गुलियो पदार्थका १४ वटा, दाना पदार्थका १३ वटा, मसलाका ७ वटा, चिया/कफीका ४ वटा, नूनको १ वटा र अन्य खाद्य पदार्थका १० वटा गरि जम्मा १९८ वटा (६.८७ %) नमूनाहरु तोकिएको अनिवार्य मापदण्ड अनुरुपको स्तर नभएको प्रतिकूल पाईएको थियो।
- यसै गरी आर्थिक वर्ष २०७९/८० मा खाद्य ऐन तथा नियम अनुसार न्यूनस्तर तथा दूषित उत्पादन तथा विक्री वितरण गरेको कसूरमा १२१ थान मुद्दाहरु विभिन्न जिल्ला अदालत तथा जिल्ला प्रशासन कार्यालयमा दायर गरिएको थियो। दायर गरिएका मुद्दाहरु मध्ये प्रशोधित पिउने पानीका २१ वटा, दुध तथा दुग्ध पदार्थका १७ वटा, खाद्यान्न एवं दलहन तथा सोबाट बनेको पदार्थ १६ वटा, दाना पदार्थका १५ वटा, मसला पदार्थका ७ वटा, चियाका ७ वटा, फल तथा सागपातजन्य पदार्थका ७ वटा, महका ५ वटा र

अन्य खाद्य पदार्थका २६ वटा गरि जम्मा १२१ वटा मुद्दाहरु रहेका थिए। उक्त १२१ मुद्दाहरु मध्ये ४४ वटा दुषितका, ३७ वटा न्यून गुणस्तरका, १४ वटा लेबल सम्बन्धि र २६ वटा खाद्य ऐन नियम निर्देशिका उलङ्घन सम्बन्धिका मुद्दाहरु थिए। खाद्य ऐन, २०२३ बमोजिम दूषित तथा न्यून गुणस्तरका मुद्दाहरु सम्वन्धित जिल्ला अदालतमा र अन्य मुद्दाहरु सम्वन्धित जिल्ला प्रशासन कार्यालयहरुमा दायर हुने व्यवस्था भए अनुरुप सोहि बमोजिम दायर भएका छन् ।

- आर्थिक वर्ष २०७९/८० मा उत्पादन दर्ता र नविकरण गरि जम्मा २,७५० वटा आहारपूरक खाद्य पदार्थ नियमन गरिएको थियो।
- आर्थिक वर्ष २०७९/८० को वार्षिक अवधिमा खाद्य /दाना उद्योग, होटल रेष्टुरेण्ट, राजमार्गका होटल अनुगमन तथा उजूरी उपर तत्काल सम्बोधन टोली (Rapid Response Team) मार्फत कारबाही लगायत जम्मा १०,६८९ पटक निरीक्षण अनुगमन गरिएको थियो।
- आर्थिक वर्ष २०७९/८० मा ९२६ उद्योगलाई नयाँ अनुज्ञापत्र जारी, २,०३१ उद्योग अनुज्ञापत्र नवीकरण तथा १,५७३ नयाँ उद्योग स्थापना गर्न सिफारिश गरिएको थियो।

## २. अनुगमन तथा कारवाही

- अनुगमनका क्रममा म्याद गुज्रेका तथा लेवल विवरणमा कैफियत भएका करिब १,२६ लाख बरावरको खाद्य पदार्थ जफत तथा नष्ट गरि कारवाही गरिएको थियो। पर्सामा म्याद गुज्रिएको तथा Re-labelling को कैफियत पाइएको ७० लाख बराबरको खाद्य पदार्थ जफत र नष्ट गरि कारवाही गरिएको थियो ।
- फलफूल पकाउन Ripening agent प्रयोग सम्बन्धमा ७० वटा पसल/ गोदाम/ च्याम्बरमा भएको विशेष अनुगमनमा २ वटा स्थानमा (सिन्धुली र सुर्खेत जिल्लामा) प्रतिबन्धित कार्वाईड प्रयोग भएको पाईएकोले करिव ८५ के.जी. आँप जफत तथा नष्ट गरि कारवाही गरिएको थियो ।

## ३. खाद्य आयात निर्यात नियमन

- खाद्य आयात निर्यात निरीक्षण तथा गुण प्रमाणीकरण प्रणाली सम्वन्धी निर्देशिकाले व्यवस्था गरे अनुरूप आयात गर्नु पूर्व अनिवार्य रूपमा अनुमति लिनुपर्ने भनी व्यवस्था गरिएका विभिन्न खाद्य पदार्थहरूको आयात अनुमति लिने क्रममा आर्थिक वर्ष २०७९/८० मा जम्मा १३,४६० आयात अनुमति जारी गरिएको थियो। यसै क्रममा आवश्यक कागजात पूरा नभएका पाचक, Nutraceuticals, Juices, Sauce, Caffeine Anhydrous, Coconut oil, Peanut butter लगायतका विविध खाद्य पदार्थहरु गरि जम्मा ८५ वटा खाद्य पदार्थका कन्साइन्मेन्टहरुको अनुमति अस्विकृत गरिएको थियो । खाद्य पदार्थको आयात अनुमति पत्र जारी गर्ने कार्य नेपाल राष्ट्रिय एकद्वार प्रणाली (Nepal National Single Window) बाट अनलाइन मार्फत सेवा दिने कार्य भैरहेको छ।
- यस आर्थिक वर्षमा १२ वटा विभिन्न भन्सार नाकाहरुमा रहेका खाद्य आयात निर्यात गुणस्तर प्रमाणिकरण कार्यालयबाट ४१,४५५ वटा खाद्य/ दाना पदार्थको नमूनाहरु परिक्षण भएकोमा खाद्यान्न दलहन, चकलेट तथा गुलियो पदार्थ, फलफूल तथा तरकारी, माछा तथा मासुजन्य पदार्थ, मसला लगायतका गरि ५८ वटा खाद्य आयात निर्यात गुणस्तर प्रमाणिकरणको नमुना प्रतिकूल पाईएको र सोहि बमोजिम सम्वन्धित भन्सार कार्यालयमा प्रतिवेदन पठाइएको थियो ।

४. प्रयोगशाला एक्रिडिटेशन तथा विश्लेषण सेवा

क. प्रयोगशाला एक्रिडिटेशन

- बिभागको राष्ट्रिय खाद्य तथा दाना रिफरेन्स प्रयोगशाला (NFFRL) को National Accreditation Board for Testing and Calibration Laboratories (NABL) बाट ISO/IEC 17025:2017 accreditation scope extension कार्य तथा Food Safety and Standards Authority of India (FSSAI) बाट Integrated Assessment सम्पन्न भई हाल रहेको १०१ वटा प्यारामिटरबाट २८६ वटा प्यारामिटरहरुमा क्षेत्र विस्तार भएको छ।
- विभाग अन्तर्गत खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय, विराटनगरको प्रयोगशालामा ७ किसिमका पदार्थ (Spices (Ginger, Cardamom, Cumin, Coriander, Cloves, Pepper), Tea and Coffee, Cereal products, Honey, Fats and oil, Fruits and Vegetable products, Milk) को २३ वटा प्यारामिटरमा NABL, India बाट एक्रेडिटेशन प्राप्त भएको छ।

ख. प्रयोगशाला विश्लेषण

- आर्थिक वर्ष २०७९/८० मा विभागको राष्ट्रिय खाद्य तथा दाना रेफेरेन्स प्रयोगशाला तथा खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालयहरुका प्रयोगशालाहरुबाट खाद्य ऐन नियम कार्यान्वयनका क्रममा संकलित नमुना, खाद्य उद्योग अनुज्ञापत्रका लागि संकलित नमुनाहरु तथा सेवाग्राहीबाट अनुरोध भई आएका नमूनाहरु गरि जम्मा २२,२५७ वटा नमुनाहरु प्रयोगशाला जाच परिक्षण गरिएको थियो।
- नेपालमा आयात हुने तरकारी र फलफूलमा जीवनाशक विषादीको अवशेषको विश्लेषण परिक्षण कार्य विगतमा केन्द्रीय कृषि प्रयोगशाला अन्तर्गतको Rapid Bioassay of Pesticide Residues (RBPR) इकाईबाट हुने गरेकोमा आ. व. २०७८/७९ देखि कृषि तथा पशुपन्छी विकास मन्त्रालयको निर्देशानुसार हाल १६ वटा स्थान बाट परिक्षणको लागि व्यवस्था गरिएको छ । यस आर्थिक वर्ष ७७,६०५ वटा आयातित फलफुल तथा तरकारीका नमुनाहरुको जीवनाशक विषादी अवशेष परिक्षण गरिएकोमा आलु, प्याज तथा फलफूल लगायतका ५० वटा नमुनाहरु प्रतिकूल देखिएका थिए।
- भन्सार विन्दुहरुमा रहेका खाद्य आयात निर्यात गुणस्तर प्रमाणिकरण कार्यालयहरु अन्तर्गतका प्रयोगशालाहरु, विभाग तथा मातहतका कार्यालयहरु अन्तर्गतका प्रयोगशालाहरु तथा आयातित फलफुल तथा तरकारीमा जीवनाशक विषादी अवशेषको परिक्षण गरि जम्मा १,४१,३१७ वटा नमुनाहरु प्रयोगशाला जाच परिक्षण गरिएका थिए।

ग. प्रयोगशाला विश्लेषणको अनलाईन सेवा

- विभागको राष्ट्रिय खाद्य तथा दाना रिफरेन्स प्रयोगशाला (NFFRL) बाट प्रदान गरिने सेवालाई छिटोछरितो र प्रभावकारी बनाउन SRCTIP आयोजनाको सहयोगमा Laboratory Information Management System (LIMS) प्रणालीको परिक्षण शुरुवात गरिएको छ। यस प्रणालीमा प्रयोगशाला सेवाग्राहीको रजिष्ट्रेशन हुने र परिक्षण प्रतिवेदन अनलाईनबाट दिन सकिने व्यवस्था रहेको छ।

५. खाद्य स्तर निर्धारण कार्यक्रम

- नेपालको Multisectoral Action Plan for the Prevention and Control of Non Communicable Diseases सम्वन्धि कार्य योजनामा नेपाल सरकारले प्रतिवद्धता गरे अनुरुप सन् २०२३ सम्ममा खाद्य पदार्थमा औद्योगिक ट्रान्सफ्याटको मात्रा २% भन्दा बढि हुनु नहुने प्रावधान लागू गर्नु पर्ने उल्लेख गरिएकोमा खाद्य पदार्थमा औद्योगिक ट्रान्सफ्याटको मात्रा २% भन्दा बढि हुनु नहुने प्रावधान सम्वन्धी मापदण्ड स्वीकृत गरि नेपाल राजपत्रमा प्रकाशनका लागि स्तर निर्धारण समितिबाट २०८०।०२।१८ सिफारिस भएको थियो। उक्त मापदण्ड मिति २०८०।०३।०४ मा WTO Notification को प्रकृयामा रहेको छ।
- मानव स्वास्थ्यलाई हानी पुर्याउने भएकोले मसीले लेखेको वा छापेको कागजमा सोझै सम्पर्कमा हुने गरि खाद्य पदार्थ प्याक गर्न नपाउने सम्बन्धी मापदण्ड स्वीकृत गरी नेपाल राजपत्रमा प्रकाशनका लागि स्तर निर्धारण समितिबाट २०८०।०२।१८ सिफारिस भएको थियो। उक्त मापदण्ड मिति २०८०।०३।०४ मा WTO Notification को प्रकृयामा रहेको छ।
- फलफुल तरकारीमा जीवनाशक विषादीको अधिकतम मात्रा MRL तोक्ने सम्बन्धमा मिति २०७९/१०/१७ गते स्तर निर्धारण समितिबाट स्वीकृत गरि नेपाल सरकारमा सिफारिस भएकोमा मिति २०७९/१२/२८ गते मन्त्रिपरिषदबाट स्वीकृत भई नेपाल राजपत्रमा प्रकाशित भई नेपालमा उत्पादन तथा उपभोग गरिने फलफुल तरकारीलाई समेटिने गरि तरकारी ६ समुहका १५ उपसमूह, फलफुल ४ समुहका १० उपसमूह र चिया मा जीवनाशक विषादीको अधिकतम मात्रा MRL निर्धारण भई कार्यान्वयनमा आएको छ।
- कुखुराको (लेयर्स, ब्रोईलर्स) दाना पदार्थको मापदण्ड तयारी तथा संशोधन (माइकोटक्सिनको अधिकतम सीमा, दाना पदार्थमा एन्टीबायोटिक प्रयोगमा निषेध, लेबल विवरण उल्लेख गर्ने) दाना पदार्थ ऐन २०३३ बमोजिम स्तर निर्धारण समितिबाट मिति २०७९/३/३० मा स्वीकृत गरि नेपाल सरकारमा सिफारिस भएकोमा मिति २०७९/१२/२८ गते मन्त्रिपरिषदबाट स्वीकृत भई नेपाल राजपत्रमा प्रकाशित भएको छ।
- मिति २०७९/०३/०७ गते स्तर निर्धारण समितिबाट अन्नमा आधारित पूरक बल आहारको मापदण्ड (६ देखि ३६ महिनाको बालबालिकाको लागि) स्वीकृत भई नेपाल सरकारमा सिफारिस भएकोमा मिति २०७९/११/१ मा राजपत्रमा प्रकाशित भएको।
- खाद्य वस्तुमा हेभी मेटलको अधिकतम मात्राको लागि होरिजन्टल स्टचान्डर्ड तोक्ने सम्बन्धमा मिति २०७९/०३/०६ गते स्तर निर्धारण समितिबाट स्वीकृत भई मापदण्ड २०७९/११/०१ मा राजपत्रमा प्रकाशित गरि अधिकतम सिमा (४९ वटा खाद्य पदार्थमा शिशाको अधिकतम सिमा, ७ वटा खाद्य पदार्थमा पारोको अधिकतम सिमा, ३ वटा खाद्य पदार्थमा तामाको अधिकतम सिमा, ३ वटा खाद्य पदार्थमा मिथाईल मर्करीको अधिकतम सिमा, २४ वटा खाद्य पदार्थमा क्याडमियमको अधिकतम सिमा, २४ वटा खाद्य पदार्थमा तिनको अधिकतम सिमा, १८ वटा खाद्य पदार्थमा आर्सेनिकको अधिकतम सिमा, १ वटा खाद्य पदार्थमा निकेलको अधिकतम सिमा) तोकिएको छ।
- खाद्य स्तर निर्धारण समितिबाट मिति २०७९/०६/०९ गते स्तरोन्नति गरिएको चामल (Fortified Rice) को मापदण्ड स्वीकृत गरि नेपाल राजपत्रमा प्रकाशनको लागि सिफारिस भएकोमा मन्त्रिपरिषदबाट स्वीकृत भई मिति २०८०/०४/०१ मा नेपाल राजपत्रमा प्रकाशित भएको छ।

६. होटल लोगो स्तरीकरण

आर्थिक वर्ष २०७९/८० मा विभाग तथा मातहतका कार्यालयहरुबाट जम्मा १७० वटा होटल तथा रेस्टुरेन्टहरुको स्तरीकरण गरिएकोमा ११ (६.४७%) वटा अति उत्तम, २७ (१५.८%) वटा उत्तम, ६४ (३७.६%) वटा सन्तोषजनक, ३६(२१.१%) वटा सामान्य र स्तरीकरणमा नपरेका ३२ (१८.८%) वटा होटल रेष्टुरेन्टहरुलाई लोगो वितरण गरि स्तरिकरण गरिएका थिए ।

अन्त्यमा, खाद्य स्वच्छता तथा गुणस्तर सम्वन्धी विभिन्न समाचार सामाग्री महत्वका साथ प्रकाशन तथा प्रसारण गरी आम उपभोक्ताहरुलाई सुसूचित गर्न पत्रकार मित्रहरुले पुर्याउनु भएको योगदानको उच्च कदर गर्दै आगामी दिनमा पनि आम उपभोक्ता वर्गमा जनचेतना जगाउने कार्यमा सहयोग प्राप्त हुने विभागले आशा एवम् विश्वास लिएको छ ।

धन्यवाद ।

मोहन कृष्ण महर्जन
प्रवक्ता
२०८०।०४।३२